ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रशासन शाखा

प.सः- २०८०/०८१
च.नः-

ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

## पोषण सुधार गर्ने विपन्न महिला सहकारी वा समूहमा आयआर्जनका लागि अनुदान माग सम्बन्धी प्रस्ताव पेश गर्ने १५ दिने सूचना

**प्रकाशित मिति :- २०८०/१०/०४**

यस ऐसेलुखर्क गाउँपालिकाको आ.व.२०८०/०८१ मा संचालित कार्यक्रम बहुक्षेत्रीय पोषण योजना अन्तर्गत महिला सहकारी वा समूहमा अनुदान वितरणका लागि यस ऐसेलुखर्क गाउँपालिका क्षेत्रभित्र रहेका महिला सहकारी वा समूहमा अनुदान वितरण गर्ने कार्यक्रम रहेकाले तपसिलका शर्त बमोजिम रहने गरी प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

**१. प्रस्तावना छनौटका आधार :-**

**क)** स्थानीय तह भित्रका दलित तथा जनजाति समुदायमा क्रियाशील साबिक महिला विकास कार्यक्रमबाट महिला समूह मध्ये सुनौलो हजार दिनका घर परिवारलाई फाइदा पुग्ने समूहलाई प्राथमिकता दिइनेछ।

**ख)** स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरी संचालनमा रहेको व्यवसायलाई पहिलो प्राथामिकतामा राखिने छ।

**ग)** बहुक्षेत्रीय पोषण योजनाबाट प्राप्त अनुदानको रुपमा परिचालित हुने प्रतिबद्धता भएका प्रस्तावहरुलाई प्राथमिकता दिइने छ।

**घ)** महिला समूहको हकमा २५ जना सम्म सदस्य भएको र प्रचलित कानुन बमोजिम सम्बन्धित स्थानीय तहमा दर्ता भई वार्षिक रुपमा नविकरण भएको हुनुपर्ने छ।

**२. प्रस्ताव छनौटका मापदण्ड :-**

**क)** विपन्न समुदायका महिलाहरुको पूर्ण सहभागिता र नेतृत्वमा स्थानीय तहभित्र संचालनमा रहेका महिला समूह मध्येबाट कुनै एक समूह छनौट गरिनेछ।

**ख)** स्थानीय तहमा महिला विकास कार्यक्रम अन्तर्गत गठन भई विधीगत रुपमा दर्ता भएका र वार्षिक रुपमा नविकरण भएका समूहलाई प्राथमिकतामा राखिने छ।

**ग)** अनुदान प्राप्त गर्ने महिला समूहले सामुदायिक वा व्यक्तिगत रुपमा व्यवसाय संचालनका क्रियाकलापहरु व्यवस्था मिलाउनु पर्नेछ। हालसम्म अनुदान प्राप्त नभएको समूहलाई प्राथमिकता दिइनेछ।

घ) प्रस्ताव तयार गर्दा रु.६,२५,०००/-(अक्षरुपी छ लाख पच्चिस हजार मात्र) प्रस्ताव तयार गर्नु पर्नेछ।

२०८०/१०/०४
रामकाजी नेपाल
अधिकृत छैठौं

☎ ०३६-४११११०३ ☎ ०३६-४१११०४ ☎ अध्यक्ष ९८५२८४९६८५ ☎ उपाध्यक्ष ९८५२८४९६८६
☎ प्रमुख प्रशासकीय अधिकृत ९८५२८४९७१३ ☎ आर्थिक प्रशासन शाखा ९८५२८४९०९२ ☎ सूचना अधिकारी ९८५१२७८३४४
E-mail :info@aiselukharkamun.gov.np
Website:www.aiselukharkamun.gov.np